**आदरणीय सभा सदस्य ज्यूहरु,**

**प्रमुख प्रशासकीय अधिकृत ज्यू,**

**राष्ट्र सेवक कर्मचारीहरु,**

१) बसबरिया गाउँपालिकाको यस सम्मानित गाउँ सभामा म आगामी आर्थिक वर्ष २०८१/८२ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न उपस्थित भएको छु ।

२) सर्वप्रथम, नेपालको सार्वभौमसत्ता, स्वाधीनता, भौगोलिक अखण्डता, राष्ट्रिय हित, स्वाभिमान, सङ्घीयता, गणतन्त्रका लागि भएका विभिन्न आन्दोलनहरुमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात अमर सहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु ।

३) उक्त आन्दोलनका क्रममा घाइते भएका तथा बेपत्ता पारिएका नागरिकहरुप्रति उच्च सम्मान व्यक्त गर्दै घाइतेहरुको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु साथै उक्त आन्दोलनहरुको नेतृत्व गर्नुहुने अग्रजहरुप्रति उच्च सम्मान सहित स्मरण गर्दछु ।

**सभासदस्य ज्यूहरु,**

४) स्थानीय तह निर्वाचन, २०७९ बाट निर्वाचित भएर आएपश्चात् कार्यकालको दोश्रो वर्ष व्यतित भइसकेको छ। हामी निर्वाचनको समयमा गरेको प्रतिवद्धता पुरा गर्ने कठिन परीक्षाको मोडमा आई पुगेका छौं ।

५) आपसी सद्भाव, समन्वय र सहकार्यबाट मात्र हामीले सोचेको र जनताले हामीबाट गरेको अपेक्षा सम्बोधन हुन सक्दछ ।

६) **"सबैको साथ, सबैको विकास"** ले मात्र बसबरिया गाउँपालिकाको मुहार फेरिनेमा कसैको दुईमत हुन् सक्दैन, तसर्थ त्यसतर्फ हाम्रा पाइलाहरु अघि बढ्नु पर्नेमा जोड दिन चाहन्छु ।

७) यस कार्यमा सकारात्मक सहयोग गर्नु हुने सम्पुर्ण प्रति आभार व्यक्त गर्दै आगामी दिनहरुमा समेत निरन्तर साथ र सहयोगको अपेक्षा राख्दछु ।

८) आ.व. २०८१/०८२ का लागि प्रस्तावित नीति तथा कार्यकमले **समृद्ध एवं सुखी गाउँपालिका** निर्माण गर्ने हाम्रो संकल्पलाई साकार तुल्याउन महत्वपूर्ण योगदान पुर्याउने विश्वास लिएको छु ।

**आदरणीय सभासदस्य ज्यूहरु,**

९) सर्वप्रथम म चालु आ.व. २०८०/८१ को नीति तथा कार्यक्रमको समीक्षा प्रस्तुत गर्न चाहन्छु ।

१०) चालु आ.व.को लागि यस सभाले कुल विनियोजित रु ३२ करोड २६ लाख २० हजार मध्ये चालु तर्फ रु २० करोड ९ लाख २० हजार (सशर्त अनुदान समेत) र पूँजीगत तर्फ १२ करोड १७ लाख रुपैया विनियोजन भएको थियो ।

११) उक्त विनियोजित रकम मध्ये हाल सम्मको अवस्थामा चालु तर्फ रु. १० करोड ८८ लाख १४ हजार १४१ र पूँजीगत तर्फ रु २ करोड ३ लाख ९३ हजार ९१० रुपैया खर्च भएको र यसको आधारमा यस बर्षको अन्त्य सम्म कुल बजेटको ८० प्रतिशत सम्म खर्च हुन सक्ने अनुमान गरिएको छ ।

**भौतिक पूर्वाधार विकासका क्षेत्रमा भएका उपलब्धी**

१२) यस गाउँपालिकामा हाल सम्म १०५० मिटर सडक कालोपत्रे, ३५०० मिटर ग्राभेल सडक निर्माण भएको छ । साथै गाउँपालिकाका सवै वडामा सडकको सहज पहुँच पुगेको छ ।

१३) गाउँपालिकाबाट अन्य गाउँपालिका तथा प्रमुख राजमार्ग सम्मको सडक पहुँचलाइ सुदृढ वनाइएको छ ।

१४) वडा नं. १ देखि ६ सम्मको कृषि हुने क्षेत्रमा विद्युतीकरण (तार, पोल, मिटर तथा ट्रान्सफरमर) जडान सम्पन्न भएको छ ।

१५) वडा नं. १ मा स्वास्थ्य चौकी तथा पुर्व मन्दिरवा टोलको मनुष्मारा नदीमा झुलुंगे पुल निर्माणाधीन अवस्थामा रहेको छ ।

**सामाजिक विकासका क्षेत्रमा भएका उपलब्धी**

१६) यस गाउँपालिकामा हाल २ वटा एम्बुलेन्सहरु निशुल्क रुपमा संचालनमा छन् ।

१७) क्यान्सर, मुटु, मृगौला, सिकलसेल एनिमिया, स्पाइनल इन्जुरी, पार्किन्सन, अल्जाईमर र हेडइन्जुरीको उपचारको लागि अति गरीव बिरामीलाई आर्थिक सहयोग प्रदान गरिएको छ ।

१८) १०० जना बिरामीलाई निःशुल्क रुपमा आँखा शिविर संचालन गरी निशुल्क अपरेसन गरिएको छ । महिलाहरुमा हुने पाठेघर सम्बन्धी विभिन्न रोगहरुको जाँच गरी निशुल्क अपरेसन गरिएको छ ।

१९) २ वर्ष मुनिका बालबालिकाहरुमा छुट भएको पूर्ण खोप लगाइएको छ ।

२०) बसबरिया गाउँपालिका वडा न. २ मा नागरिक आरोग्य सेवा केन्द्र संचालनमा ल्याईएको छ। विद्यालय आयुर्वेद, योग शिविर, जेष्ठ नागरिक आरोग्य सेवाजस्ता आयुर्वेद सेवा संचालनमा ल्याएको छ ।

२१) छात्रालाई निःशुल्क सेनेटरी प्याड व्यवस्थापन, अपाङ्गता भएको व्यक्तिको परिचय वितरण गर्न सहज सेवा क्याम्प संचालन हुदै आइरहेको छ । आगलागी तथा दैवी प्रकोप, असक्त विरामीलाई राहत उद्धार प्रदान गरिएको छ । युवाहरुलाई खेलप्रति आकर्षण बढाउन बिभिन्न खेलकुद आयोजना तथा खेलमा सहभागी गराइएको छ ।

२२) प्रत्येक विद्यालयलाई सूचना तथा प्रविधिमैत्री बनाउन इन्टरनेट जडान गरिएको छ साथै माध्यमिक बिद्यालयमा इन्टरयाक्टिभ स्मार्ट टिभी तथा प्रत्येक बिद्यालयलाई ल्यापटप तथा प्रिन्टर दिने कार्य खरिदको अन्तिम चरणमा रहेको छ ।

२३) विद्यालयको भौतिक पुर्वाधार तर्फ २ कोठा निर्माण सम्पन्न भएको तथा १४ कोठा यस आ.व. सम्ममा निर्माण सम्पन्न हुने भएको छ ।

२४) होस्ट हैसे शिक्षा केन्द्र धनगढ़ामा कक्षा १२ सम्म साथै पब्लिक मा.वि. सहोडवामा कक्षा १० सम्म संचालन गरिएको छ ।

२५) विद्यार्थीको भर्नादरमा तुलनात्मक रुपले वढोत्तरी भई विद्यार्थीको नियमित उपस्थिति कायम भई विद्यार्थीहरुको सिकाई उपलब्धिमा समेत सकारात्मक प्रभाव देखिएको छ।

**सुशासन तथा संस्थागत विकास क्षेत्रमा भएका उपलब्धी**

२६) गाउँ पालिकाले स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) मा ७६.७५ अंक तथा स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कन (FRA) मा ३६.५ अंक प्राप्त गरेको छ ।

२७) SuTRA Revenue मार्फत कर संकलन गरिएको छ । राजश्व संकलनमा उल्लेखनीय सुधार भएको छ ।

२८) EFT मार्फत सामाजिक सुरक्षा भत्ता वितरण गरिएको छ ।

२९) स्वास्थ्य संस्था वडा कार्यालयमा CCTV Camera जडान गरिएको छ ।

**आदरणीय सभा सदस्य ज्यूहरु**

**अब, म आगामी आर्थिक वर्ष २०८१।८२ का लागि प्रस्तावित विषय क्षेत्रगत नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्दछु ।**

यस वर्षको नीति तथा कार्यक्रममा स्वास्थ्य तथा शिक्षालाई पहिलो प्राथमिकतामा राखी व्यावसायिक कृषि, भौतिक पूर्वाधार, पर्यटन तथा संस्कृति र रोजगारमूलक क्रियाकलापलाई मुख्य प्राथमिकतामा राखिएको छ ।

३०) यीनै नीतिको सम्बोधन एवं कार्यक्रमको कार्यान्वयन हुने गरी सङ्घीय सरकारबाट विनियोजित वित्तीय समानीकरण अनुदान तर्फ रु. ९ करोड ५ लाख, राजश्व बाँडफाँड तर्फ रु. ७ करोड ६४ लाख, सशर्त अनुदान तर्फ रु. १० करोड ५८ लाख ४०

हजार, समपुरक अनुदान तर्फ रु. १ करोड ५० लाख, बिशेष अनुदान तर्फ रु. २ करोड ५५ लाख, त्यस्तै प्रदेश सरकारबाट वित्तीय समानीकरण तर्फ रु. ६२ लाख १५ हजार, सशर्त अनुदान रु. ८० लाख, विशेष अनुदान रु. ३० लाख, समपुरक अनुदान रु. २० लाख, प्रदेश राजश्व बाँडफाँडबाट रु. १० लाख (अनुमानित), बरहथवा मालपोत कार्यालयबाट बाँडफाँड रु. २० लाख (अनुमानित), आन्तरिक श्रोतबाट रु. २४ लाख (अनुमानित) र आ.व. २०८०/८१ को अ.ल्या. रु. ५० लाख (अनुमानित) आम्दानी हुने गरि जम्मा रु. ३६ करोड ७८ लाख ७७ हजारको ३०१ रुपैयाको परिधि भित्र रही आ.व. २०८१/८२ को आय व्यय विवरण तर्जुमा गरिनेछ ।

**आदरणीय सभा सदस्य ज्यूहरु,**

**सामाजिक विकास सम्बन्धी नीति तथा कार्यक्रम**

**शिक्षा युवा तथा खेलकुद शाखा**

३१) विद्यालय उमेरसमूहका सबै बालबालिकालाई आधारभूत शिक्षा सुनिश्चित हुने गरी विद्यालयबाहिर रहेका सवै बालवालिकाहरुलाई विद्यालयमा सहज पहुँचको आवश्यक व्यवस्था गरिनेछ ।

३२) सबै बालबालिकाहरुलाई वैज्ञानिक, प्राविधिक, व्यवसायिक, सीपमूलक, रोजगारमूलक, जनमुखी साथै स्थानीय तह अनुकुल बनाउन गाउँ शिक्षा योजना निर्माण गरिनेछ ।

३३) विद्यालयहरुलाई बालमैत्री, अपाङ्गमैत्री तथा किशोरीमैत्री बनाई शिक्षण सिकाईमा रहेको असमानता कम गरी गुणस्तरीय शिक्षामा सवैको पहुँच अभिवृद्धि गरिनेछ ।

३४) गुणस्तरीय शिक्षा प्राप्तीको अधिकारलाई सुनिश्चित गर्न स्वयंम सेवक शिक्षक, वालविकास सहजकर्ताको व्यवस्थापन गरिनेछ ।

३५) प्रत्येक विद्यालयलाई सूचना प्रविधिमैत्री बनाई परीक्षा प्रणालीलाई व्यवस्थित गरी विद्यार्थीहरुको सिकाइ उपलब्धीमा वृद्धि गरिने छ ।

३६) **"प्रविधि तथा सीपयुक्त शिक्षा, बसवरिया गाउँपालिकाको इच्छा"** मुल नारालाई आत्मसाथ गरी यस गाउँपालिकामा प्राविधिक तथा व्यवसायिक शिक्षा सञ्चालन गरिनेछ।

३७) यस गाउँपालिकामा प्राथमिक तहका शिक्षकहरुबाट नै माथिल्लो कक्षा सञ्चालन भई रहेकोले माथिल्लो कक्षामा अध्ययन अध्यापन गराउने शिक्षकहरुको मनोबल उच्च राख्न आवश्यक सेवा सुविधाको व्यवस्था गरिनेछ ।

३८) आ.व. २०८१/०८२ मा बसवरिया गाउँपालिकालाई साक्षर गाउँपालिका घोषणा गर्न आवश्यक रणनीति अपनाइने छ ।

३९) शिक्षकहरुको पेशागत क्षमता विकास गर्न समायनुकूल तालिमको व्यवस्था गरिनेछ।

४०) सवैका लागि खेलकुद तथा योग अभ्यासको अवसर सिर्जना गरी प्रतिभावान खेलाडीको खोजी गर्न विद्यालयस्त्तरीय तथा पालिकास्त्तरीय प्रतियोगिताको आयोजना गरिनेछ ।

४१) ECD तथा विद्यालय कर्मचारीहरुको नेपाल सरकारले घोषणा गरेको न्यूनतम् तलब स्केल दिने कार्यलाई निरन्तरता दिइने छ ।

४२) सामुदायिक तथा संस्थागत विद्यालयहरुमा शैक्षिक व्यवस्थापन सूचना प्रणाली (EMIS) लागू गर्ने नीतिलाई निरन्तरता दिइनेछ।

**आदरणीय सभा सदस्य ज्यूहरु,**

**लैङ्गिक समानता र सामाजिक समावेशीकरण सम्बन्धी नीति तथा कार्यक्रम**

४३) गाउँपालिकाभित्र बसोवास भएका सुकम्बासी र अव्यवस्थित बसोवास गर्नेलाई व्यवस्थित गरी जग्गा धनी पूर्जा दिने काम यसै आर्थिक वर्ष सम्पन्न गरिने छ ।

४४) लैङ्गिक हिंसा, जातीय छुवाछुत लगायतका विविध सामाजिक अन्धविश्वास र विकृतीको अन्त्यका लागि सामाजिक जागरण अभियान तवा सचेतनामूलक कार्यक्रम गर्ने नीतिलाई निरन्तरता दिइनेछ।

४५) प्रत्येक वडामा आर्थिक सशक्तिकरण गर्नको लागी टोल टोलमा महिला मञ्च गठन गरी उत्पादनमा आधारित क्षमता विकासका कार्यक्रमलाई प्रारम्भ गरिने छ। साथै बाँकी रहेको वडा हरुमा ग्यास चुल्हो सेट खरिद गरि वितरण गरिनेछ।

४६) पालिकालाई बालमैत्री गाउँपालिका बनाउने प्रकृयालाई अगाडी बढाईनेछ।

४७) सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता कार्यक्रमलाई थप सुदृढीकरण गरी सञ्चालन गरिनेछ । वृद्ध एवम् ज्येष्ठ नागरिकलाई सम्मान एवम् युवा प्रोत्साहनको नीति लिइनेछ ।

४८) महिलाहरुको सीप र दक्षता अभिवृद्धि गर्नका लागि महिला संजाल गठन गरी आधुनिक सीप तथा उत्पादनमा आधारित तालिम सञ्चालनलाई निरन्तरता दिइनेछ।

४९) ज्येष्ठ नागरिक परिचयपत्र पालिका तथा वडास्तरबाट नै उपलब्ध गराउने व्यवस्थामा मिलाइनेछ ।

५०) हिड्डुल गर्न नसक्ने व्यक्तिहरुलाई निःशुल्क रुपमा साईकल वितरण गरिनेछ तथा अपाङ्गता भएका व्यक्तिहरुलाई सहजीकरण सामग्री प्रदान गरी अपाङ्गता भएका व्यक्तिलाई विशेष सहयोग उपलब्ध गराउने नीति लिईनेछ ।

**आदरणीय सभा सदस्य ज्यूहरु**

**स्वास्थ्य सम्वन्धि नीति तथा कार्यक्रम**

५१) शुन्य होम डेलिभरी कार्यक्रम लागू गर्न पालिकाभित्र ३ वटा वर्थिंग सेन्टरहरुमा थप प्रभावकारी रुपमा संचालन गरिनेछ । क्षयरोगमुक्त पालिका घोषणा गर्न आवश्यक कदमहरु चालिनेछ ।

५२) हाललाई एउटा मात्र बसबरिया जनस्वास्थ्य प्रयोगशाला संचालनमा मात्र रहेकोले आगामी आर्थिक वर्ष देखि थप एउटा स्वास्थ्य संस्थामा विस्तार गरिनेछ । यसका लागि चाहिने आवश्यक व्यवस्थाहरु मिलाइनेछ ।

५३) मातृ मृत्युदर शुन्य गर्न आवश्यक पहलहरु गरिनेछ । बालबालिकाहरुमा भएको कुपोषण कम गर्न प्रत्येक स्वास्थ्य संस्थामा OTC समेतको सेवा स्तरोन्नति गरिनेछ।

५४) जनताहरुको लागी स्वास्थ्य परीक्षण शिविर, आँखा अपरेशन शिविर संचालन गरिनेछ।

५५) ANC तथा PNC चेक अप शत प्रतिशत पुर्याउने लक्ष्य रहेको हुँदा सोको लागि आवश्यक पहलहरु गरिनेछ ।

५६) महिला स्वास्थ्य स्वयम् सेविकाहरुको मनोवल उच्च राख्न आवश्यक प्रोत्साहन उपलब्ध गराइनेछ ।

५७) बालबालिका तथा गर्भवती महिलाहरुलाई निःशुल्क स्वास्थ्य जाँच, क्याल्सियम तथा एक्सरे सेवालाई निरन्तरता दिइनेछ ।

५८) अति विपन्न, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक र गर्भवती महिलाहरुलाई सुरक्षित प्रसुति गराउन स्वास्थ्य चौकी/ अस्पतालसम्म पुर्याउन निःशुल्क एम्बुलेन्स सेवालाई निरन्तरता दिइनेछ ।

५९) भवन निर्माण गर्न बाँकी रहेका आधारभूत स्वास्थ्य केन्द्रहरुको भवन निर्माण गर्नका लागि सङ्घीय सरकार तथा प्रदेश सरकारसँग आवश्यक समन्वय गरी भवन निर्माण कार्य अगाडि बढाइनेछ ।

६०) १५ शैया अस्पताल निर्माणको लागि न्यूनतम १५ कठ्ठा जग्गा निःशुल्क प्राप्ति गर्ने प्रक्रिया सम्पन्न गरी सङ्घीय सरकार सँगको सहकार्यमा आगामी वर्ष १५ शैया अस्पताल निर्माणको थालनी गरिनेछ ।

६१) निःशुल्क औषधीहरुको आपूर्ति नियमित एवम् सहज रुपमा गरिनेछ ।

**आदरणीय सभा सदस्य ज्यूहरु,**

**आर्थिक विकास सम्बन्धि नीति तथा कार्यक्रम**

६२) गाउँ क्षेत्रभित्र क्रियाशील सहकारी संस्थाहरु अनिवार्य COPOMIS मा आवद्ध भई तथ्याङ्क अद्यावधिक गर्ने कार्य कडाइका साथ लागू गर्ने नीति लिइनेछ।

६३) गाउँलाई आर्थिकरुपले आत्मनिर्भर बनाउन गाउँ क्षेत्रभित्र उद्योग स्थापनाका लागि उद्योगमैत्री नीति अवलम्बन गर्दै उद्योगीहरूलाई उद्योग स्थापना गर्न प्रोत्साहित गरिनेछ।साथै वडा नं. १ देखि ६ सम्मको हाट बजार ब्यबस्थापन गरिने छ।

६४) गरिबीको रेखामुनी रहेका तथा पूर्ण बेरोजगारलाई सिर्जनात्मक काममा परिचालन गर्न उद्यमशील तालिमको माध्यमवाट उद्यमशीलताको विकास मार्फत् स्व-रोजगार र उद्यमशीलता प्रबर्द्धन गरिनेछ।

६५) बढ्दो विदेश पलायन रोक्न स्थानीय स्तरमै युवाहरुलाई उद्यमशील बनाउन युवा लक्षित रोजगारमूलक तालिम कार्यक्रमहरु संचालन गरिनेछ।

६६) स्थापना हुने र सञ्चालनमा रहेका उद्योग, व्यापारिक फर्म तथा पसलहरुको दर्ता अनुमति, नविकरण, खारेजी र नियमनमार्फत् औद्योगिक अनुशासन कायम राखिनेछ।

६७) पालिकाभित्र सञ्चालित उद्योग, व्यपारिक फर्म तथा पसलहरु व्यवस्थित सञ्चालन गर्न पालिकास्तरीय उद्योग वाणिज्य संघ गठन गर्न जोड दिइने छ ।

६८) पशुपन्छी क्षेत्रको उत्पादन एवं उत्पादकत्व बढाउदै गाउँपालिकालाई दुध, अन्डा र मासुमा आत्मनिर्भर बनाउन गाई /भैसी पालन, बाख्रापालन तथा मत्स्यपालनलाई प्रोत्साहन गरिनेछ ।

६९) व्यावसायिक रुपमा पशुपालन पेशामा संलग्न कृषक, कृषक समुह, कृषि सहकारी र कृषि फर्महरुको तथ्याङ्क संकलन तथा दर्ता गरी अभिलेख प्रणालीलाई चुस्तदुरुस्त बनाई व्यवस्थित गरिनेछ ।

७०) पशुपन्छीहरुको नश्ल सुधारको लागि कृत्रिम गर्भाधान कार्यक्रमलाई निरन्तरता दिदै आवश्यक कार्यक्रम संचालन गरिनेछ ।

७१) पशु रोग विरुद्ध खोप कार्यक्रमलाई अभियानका रुपमा संचालन गरिनेछ । साथै पशुपन्छी विकास शाखामा मिनी प्रयोगशाला बनाउन आवश्यक पहल गरिनेछ ।

७२) पशु सेवा शाखाबाट नियमित रुपमा संचालन हुदै आएको पशु स्वास्थ्य उपचार सेवा कार्यक्रमलाई व्यवस्थित र प्रविधि मैत्री बनाई सेवाप्रवाह गरिने छ ।

७३) कृषि तथा पशुपालन पकेट क्षेत्र कार्यक्रमलाई अनुसन्धान र सम्भवानाको आधारमा विस्तार गरिनेछ । कृषकहरुको सुविधाको लागि हरेक वडामा घुम्ती माटो परीक्षण शिविर संचालन गरिनेछ ।

७४) कृषि व्यवसायलाई प्रवर्धन गर्न किसानले प्रयोग गर्ने बिउ, मल, नर्सरी प्रविधि लगायतका क्षेत्रमा साझेदारी कार्यक्रम संचालनमा ल्याइनेछ ।

७५) गाउँपालिका क्षेत्रभित्रको कृषि तथ्याक संकलन गरी किसान सूचीकरण कार्यक्रमलाई अघि बढाईनेछ।

७६) खेतीको सिजन अनुसार कृषकहरुलाई आवश्यक रासायनिक मल, उन्नत एवम प्रमाणित बिउ बिजन र कृषि प्रविधि सहज र सुलभ आपूर्तिको लागि सहजीकरण गरिनेछ।तथा खाद्को कालोबजारी नियन्त्रन गर्न आबश्यक प्रक्रिया अगाडी बढाउनेछ।

**आदरणीय सभा सदस्य ज्यूहरु**

**सूचना तथा सञ्चार प्रविधि सम्बन्धी नीति तथा कार्यक्रम**

७७) गाउँपालिका अन्तर्गत रहनुभएका कार्यपालिका सदस्य ज्यूहरु, वडा सदस्य ज्यूहरु, वडाका कर्मचारीहरु तथा प्र.अ. हरुलाई ICT सम्बन्धी तालिमको व्यवस्था गरिनेछ।

७८) स्थानीय तहको विकास र स्थानीय सरकारको भिजन तथा हालसम्मका उपलब्धिहरुलाई सधैं भरि स्मरणिय बनाई राख्नको लागि यस गाउँपालिकाको एउटा

प्रभावकारी डकुमेन्ट्री विडियो निर्माण गर्नको लागि आवश्यक पहल गरिनेछ । साथै गाउँपालिकाको आफ्नै मौलिकता झल्किने लोगो निर्माण गरिनेछ ।

७९) गाउँपालिका कार्यालयमा तथा अन्तर्गतका कार्यालयहरुमा डिजिटल सूचना पाटी, LED Board, बैठक तथा सेमिनारका लागि गुणस्तरिय Interactive SMART Board लगायत व्यवस्था गरिनेछ ।

८०) बसबरिया गाउँपालिका कार्यालय र मातहतका सबै वडा कार्यालय, स्वास्थ्य चौकी तथा बजार परिसरमा CCTV Camera जडान गरी नियमित अनुगमन गर्ने प्रणालीको क्रमागत विकास गरिनेछ।

८१) गाउँपालिकाका ६ वटै वडा कार्यालयहरुमा अनलाईन मार्फत राजस्व संकलनका लागि सुत्र राजस्व व्यवस्थापन प्रणाली संचालनका लागि आवश्यक व्यवस्था तथा तालिमको व्यवस्था मिलाईनेछ।

८२) स्थानिय पत्रपत्रिका तथा एफ. एम रेडियो सञ्चालनलाई प्रोत्साहन गरिनेछ।

८३) गाउँपालिका तथा वडा कार्यालयहरुमा अपुग भएका ICT सम्बन्धी उपकरणहरुको लेखाजोखा गरी आवश्यकता अनुसार Computer Printer, Laptop तथा अन्य उपकरणहरुको खरिद गरी वितरणको व्यवस्था मिलाइनेछ ।

**आदरणीय सभा सदस्य ज्यूहरु**

**न्याय, कानून तथा मानव अधिकार प्रवर्द्धन सम्बन्धी नीति तथा कार्यक्रम**

८४) बसबरिया गाउँपालिकालाई आवश्यक पर्ने ऐन, नियम कानुनहरु निर्माण गरी कार्यान्वयन गर्न जोड दिइनेछ ।

८५) बसबरिया गाउँपालिकाको न्यायिक समितिलाई थप व्यवस्थित बनाउन आवश्यक व्यवस्था गरिनेछ ।

८६) केन्द्र र सबै वडाहरुमा विवाद समधानका लागि मेलमिलाप केन्द्र स्थापना र सञ्चालन कार्यलाई अद्यावधिक गरी सञ्चालन गरिनेछ ।

८७) नीति, ऐन, नियम, कानुनको प्रमाणित प्रतिको संरक्षण, प्रकाशन र अभिलेखलाई व्यवस्थित गरिनेछ । निर्माण भएका कानूनहरु सर्वसाधारणको जनकारीको लागि स्थानीय राजपत्रमार्फत् प्रकाशन गरिनेछ ।

**आदरणीय सभा सदस्य ज्यूहरु,**

**सुशासन, सार्वजनिक सेवा तथा क्षमता विकास सम्बन्धी नीति तथा कार्यक्रम**

८८) कर्मचारीलाई उत्प्रेरित गर्न कर्मचारीको योग्यता, क्षमता र रुचिका आधारमा उपयुक्त व्यक्तिलाई उपयुक्त स्थान ( "The right man in the right place" ) भन्ने सिद्धान्तको परिपालन गरिनेछ ।

८९) कर्मचारीहरुको उच्च मनोवल बढाई कार्यालयको काम प्रति प्रेरित गर्न तथा कार्यालय समयबाहेक पनि कार्य गर्न अभिप्रेरित गर्न प्रोत्साहनको व्यवस्था गरिनेछ।

९०) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा व्यवस्था भएबमोजिम अवकास कोषमा हरेक वर्ष रकम विनियोजन गरी कर्मचारी कल्याणकोषको व्यवस्था गरिनेछ।

९१) पालिका मातहतका सबै औपचारिक क्षेत्रका श्रमिकहरुको लागि योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आबद्धहुन सूचीकरण गर्ने व्यवस्था मिलाइ आबश्यक रकम साझेदारी गरिनेछ ।

९२) प्राविधिक, अप्राविधिक तथा स्वास्थ्यकर्मी कर्मचारीहरुलाई आवश्यकता बमोजिम तालिमको व्यवस्था गरिनेछ।

**आदरणीय सभा सदस्य ज्यूहरु,**

**वन, वातावारण, जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन सम्बन्धी नीति तथा कार्यक्रम**

९३) मूल सडकमा बृक्षारोपन गरिनेछ । फोहरमैला तथा मेन सडकको नाला निर्माण कार्यको उचित ब्यबस्थापान गरिनेछ।

९४) पक्कि सडकलाई धुलोमुक्त गरिने छ । सार्बजनिक सडकमा निर्माण सामग्री थुपार्ने कार्यमा रोक लगाइने छ साथै सो कार्य गर्नेलाई दण्ड जरिवाना गरिनेछ ।

९५) गाउँपालिकाको प्रमुख नदिहरुमा तटबन्ध निर्माण कार्य गरिने छ ।

९६) पालिका क्षेत्रभित्रका एलानी, पर्ति, प्रयोगमा नरहेका सरकारी सार्वजनिक जग्गाको संरक्षणको लागि सम्वन्धित मालपोत तथा नापी कार्यालयसँग नक्सा माग गरी जग्गाको संरक्षण गरिनेछ ।

**आदरणीय सभा सदस्य ज्यूहरु,**

**भौतिक पूर्वाधार विकास**

९७) गाउँपालिकाको प्रशासकीय भवन भवन निर्माणको लागि जग्गा खरिद गरी आवश्यक कानूनी एवं प्राविधिक प्रकृया पुरा गरी आगामी आ.व. भित्र निर्माण कार्य शुरु गरिनेछ ।

९८) ठेक्का सम्झौता भई निर्माण व्यवसायीको कारण समयमा कार्य सम्पन्न हुन नसकेका केही पुराना योजनाहरुको निर्माण कार्य सम्पन्न हुन नसकेकोले त्यस्ता निर्माण व्यवसायीको आगामी आ.व. को शुरुवात मै ठेक्का तोडी कारवाही प्रकृया अगाडी बढाइनेछ ।

९९) ठेक्का तोडी निर्माण कार्य बाँकी रहेको योजनालाई प्रचलित ऐन, नियम र कानून बमोजिम अगाडी बढाई आगामी आ.व. भित्र सम्पन्न गर्ने गरी आवश्यक व्यवस्था मिलाईनेछ ।

१००) गाउँ क्षेत्रभित्र संचालनमा रहेका सबै खानेपानी योजनाहरुलाई थप व्यवस्थित गरी खानेपानी वितरण कार्यलाई प्रभावकारी बनाइनेछ ।

१०१) सार्वजनिक स्थानहरुमा सार्वजनिक शौचालय र विश्राम स्थल निर्माण गरिनेछ ।

१०२) सङ्घ एवं प्रदेशका मन्त्रालय, जिल्लास्थित विषयगत कार्यालयहरु लगायत विभिन्न संघ संस्थामार्फत भईरहेको सबै किसिमका निर्माण कार्यलाई गाउँपालिकामा अनिवार्य रुपमा जानकारी गराई अनुमति/स्वीकृती लिने व्यवस्था गरी अन्तरतह समन्वय र सहकार्यमा जोड दिइनेछ ।

१०३) नक्सा निर्माण कार्यमा सहजीकरण गरिनेछ। हालसाविक हुन बाँकी रहेका वडाहरुमा जग्गा हालसाविक गर्नका लागि सम्बद्ध निकायसंग पहल गरिनेछ ।

१०४) बागमती नदीबाट गिट्टी बालुवा सङ्कलन गरी बिक्रि वितरण गर्ने कार्यको लागि प्रारम्भिक वातावरणिय परिक्षण (IEE) र वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) अध्ययन गरिनेछ ।

१०५) ढुंगा गिट्टि बालुवा जस्ता नदीजन्य पदार्थ र अन्य प्राकृतिक श्रोतहरुको अनाधिकृत एवं अवैज्ञानिक दोहनलाई नियन्त्रण गरिनेछ । यसमा सङ्घीय तथा प्रादेशिक निकायसँग आवश्यक समन्वय गरिने कार्यलाई निरन्तरता दिइनेछ ।

१०६) खरको छानो विस्तापित (सुरक्षित आवास) योजनालाइ निरन्तरता दिन आवश्यक पहल गरिनेछ ।

१०७) विभिन्न पर्यटकिय क्षेत्रमा पिकनिक स्पोट बनाउन सम्वन्धित निकायसँग आबश्यक समन्वय गरिनेछ ।

**आदरणीय सभा सदस्य ज्यूहरु,**

**राजस्व तथा आन्तरिक श्रोत परिचालन नीति तथा कार्यक्रम**

१०८) कर संकलनलाई अझ बढी व्यवस्थित बनाउन र कर प्रशासनलाई प्रभावकारी बनाउन समयमा कर तिर्ने, धेरै कर तिर्ने करदातालाई पुरस्कार र भाका नाघी कर बुझाउने करदातालाई दण्डको व्यवस्था गरिनेछ।

१०९) करको दर सम्भव भएसम्म न्यून गर्दै करको दायरा विस्तार गर्ने नीति लिइनेछ। प्रगतिशिल कर प्रणाली अवलम्बन गरी नागरिकहरु वीच रहेको असमानता न्यूनिकरण गर्दै लगिनेछ।

**अन्तमा,**

११०) बसबरिया गाउँपालिकाले अघि सारेको प्रस्तुत नीति तथा कार्यकम कार्यान्यवनमा सबै क्षेत्र तह र निकायबाट सहयोग प्राप्त हुनेछ भन्ने विश्वास लिएको छु। नीति तथा कार्यक्रमका लागि सुझाव दिनु हुने र तर्जुमाको कार्यमा संलग्न हुनुहुने सम्पूर्ण महानुभावहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु।

धन्यवाद ।

७ अषाढ, २०८१

............................
सरिता कुमारी
गाउँपालिका उपाध्यक्ष